का.जि.प्र.का.द.नं. १००/०५९/६०


२५ असार २०८१,
मंगलबार
9 July 2024,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २२, अंक १४६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## उदार देउवा
# पहिलो दुई वर्ष ओली प्रधानमन्त्री



४ मंसिर २०७९ को चुनावलगत्तै प्रधानमन्त्री बन्न खोजेका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा २०८४ मा हुने चुनावी सरकारको नेतृत्व लिने कसरतमा छन् । नेकपा एमाले र कांग्रेसबीच भएको सहमतिअनुसार अबको दुई वर्ष केपी शर्मा ओली र बाँकी डेढ वर्ष देउवा प्रधानमन्त्री बन्नेछन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ असार ।

नयाँ सरकारमा जाने मन्त्रीहरुको भागबण्डा गर्न नेपाली कांग्रेस र नेकपा एमालेका नेताहरु केन्द्रीत भएका छन् । नेताहरूका अनुसार प्रधानमन्त्रीमा आलोपालोको टुंगो लागिसकेको छ । सुरुमा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बन्नेछन् । त्यसपछि कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बन्नेछन् ।

अर्थात् ४ मंसिर २०७९ को चुनाव लगत्तै प्रधानमन्त्री बन्न खोजेका देउवा २०८४ मा हुने चुनावी सरकारको नेतृत्व लिने कसरतमा छन् । एमाले र कांग्रेसबीच भएको सहमति अनुसार अबको दुई वर्ष ओली र त्यसपछि डेढ वर्ष देउवा प्रधानमन्त्री बन्नेछन् ।

कांग्रेस वर्तमान संघीय संसदको सबैभन्दा ठूलो दल हो । संसदीय अभ्यासमा सबैभन्दा ठूलो दलले सरकारको नेतृत्व गर्ने र दोस्रो दल प्रमुख प्रतिपक्षमा रहेर खबरदारी गर्ने विश्वास गरिन्छ । ठूलो दलले सरकार चलाउन नसके दोस्रो ठूलो दलले सरकारको नेतृत्व गर्ने र पहिलो दल प्रमुख प्रतिपक्षमा रहेर खबरदारी गर्ने अभ्यास पनि संसदीय अभ्यास भएका मुलुकहरूमा पाउन सकिन्छ ।

यही अभ्यास अनुसार देउवा चुनाव लगत्तै प्रधानमन्त्री बन्न खोजेको थिए । जो स्वभाविक पनि थियो । तर उनले तेस्रो ठलो दल माओवादी केन्द्रलाई विश्वासमा लिन सकेनन् । त्यसपछि दोस्रो ठूलो दल एमालेले तस्रो ठूलो दल माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई प्रधानमन्त्री बनायो । एमाले सहित दलहरूको समर्थनमा प्रचण्ड १० पुस २०७९ मा प्रधानमन्त्री बने ।

२५ माघ २०७९ मा राष्ट्रपतिको चुनाव भएसँगै प्रचण्डले सत्ता समीकरण फेरे र कांग्रेससँग मिलेर सरकार अगाडि बढाए । २१ फागुन २०८० मा फेरि प्रधानमन्त्री प्रचण्डले कांग्रेससँगको सत्ता समीकरण तोडे र एमालेसँग समीकरण बनाए ।

एमालेसँगको सत्ता समीकरण प्रचण्डको लामो समय जान सकेन । यही असार १७ गते मध्यराती कांग्रेस र एमालेका बीचमा सत्ता समीकरण गर्ने सहितको समझदारी भयो ।

माओवादीसँग समीकरणमा रहँदा कांग्रेस सभापति देउवाले आधा कार्यकाल सरकारको नेतृत्वमा आश राखेका थिए । गठबन्धनमा समसया आएपछि प्रचण्डलाई तीन वर्ष सरकारको नेतृत्व गर्न दिएर आफू दुई वर्ष मात्रै प्रधानमन्त्री हुन तयार भएका थिए । एमालेसँगको समझदारीमा आउँदा देउवा डेढ वर्ष मात्रै प्रधानमन्त्री बन्न पाउने गरी सहमति भएको छ ।

प्रधानमन्त्रीको विषयमा टुंगो लागेसँगै दुवै दल मन्त्री चयनमा केन्द्रित भएका हुन् । एमालेका प्रमुख सचेतक महेशकुमार बर्तौला नयाँ सरकार गठनका लागि केही समय लाग्ने बताउँछन् । तर मन्त्रीका विषयमा पूर्वतयारी चलिरहेको उनले जानकारी दिए ।

बर्तौला कांग्रेससँगको समझदारी अनुसार पहिलो चरणमा पार्टी अध्यक्ष ओलीले सरकारको नेतृत्व गर्ने भएपनि मन्त्रालय भागबन्डाको विषयमा छलफल चलिरहेको बताउँछन् ।

कांग्रेससँग प्रारम्भिक छलफल भएपनि राष्ट्रिय सहमतिको सरकार गठनका लागि आह्वान गरिएकाले कांग्रेस सहित अन्य राजनीतिक दलहरूसँग फेरि छलफल गरेर मात्रै मन्त्रालयको भागबन्डाबारे अन्तिम निर्णय लिने तयारी छ ।

तथापि, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले यही असार २८ गते विश्वासको मत लिने भएकाले त्यसदिन बेलुकासम्म मन्त्रालयको भागबण्डा टुंगो लगाइने उनले बताए । तर दुवै दलभित्र पृष्ठ २ मा



## गभर्नरको निष्कर्ष

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा गठित 'संसदीय छानबिन विशेष समिति'को सोमबार सिंहदरबारमा बसेको बैठक । तस्बिर : किरणराज विष्ट/रासस

# 'सहकारीको बचत एकै पटक फिर्ता गर्न सकिँदैन'

सहकारीको रकम बचत फिर्ताको माग राखेर पीडितहरू असन्तुष्ट रहेका बेला नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले सबै सहकारीको बचत एकै पटक फिर्ता गर्न नसकिने बताएका हुन् ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, २४ असार ।

नेपाल राष्ट्र बैंकले समस्याग्रस्त सहकारीका समस्या समाधान गर्न सरकारले नीतिगत सुधारका साथै क्रमबद्ध योजना बनाउनुपर्ने बताएको छ । कति रकम कति बेलासम्म फिर्ता गर्न सकिने हो त्यो पीडितलाई भनेर अगाडि बढ्नुपर्ने पनि राष्ट्र बैंकको सुझाव छ ।

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा गठित संसदीय छानबिन विशेष समितिको सोमबारको बैठकमा गभर्नर महाप्रसाद अधिकारीले सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्न क्रमबद्ध योजना चाहिने बताए ।

गभर्नर अधिकारीले तीन चरणमा बचत फिर्ता गर्न सकिने योजना प्रस्तुत नै गरेका थिए । उनले पहिलो चरणमा एक लाखसम्म, दोस्रो चरणमा पाँच लाखसम्म र तेस्रो चरणमा पाँच लाखभन्दा बढी बचत हुने बचतकर्ताका रकम फिर्ता गर्न सकिने सुझाएका छन् ।

सहकारीको रकम बचत फिर्ताको माग राखेर पीडितहरू असन्तुष्ट रहेका बेला गभर्नर अधिकारीले नै सबै सहकारीको बचत एकै पटक फिर्ता गर्न नसकिने बताएका हुन् ।

समस्या समाधान गर्न डेडिकेटेड समूह बनाउने, समस्याग्रस्त बैंकका समस्या समाधान गर्दा अपनाइएका तरिकाका आधारमा अघि बढ्न सकिने प्रस्ताव छ । भूगोलको सीमा नराखी कारोबार गरेका पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# दुई दर्जन म्यानपावरले बुझाए फ्रि भिसा, फ्रि टिकटको विवरण

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ असार

दुई दर्जन म्यानपावर कम्पनीले चालु आर्थिक वर्षमा फ्रि भिसा, फ्रि टिकट अर्थात शून्य लागतमा कामदार वैदेशिक रोजगारमा पठाएको विवरण वैदेशिक रोजगार विभागलाई पठाएका छन् । विभागले फ्रि भिसा, फ्रि टिकटमा कामदार पठाएको विवरण साउन १ गतेभित्र बुझाउन गत असार १७ गते सूचना प्रकाशित गरेको थियो ।

विभागले म्यानपावर कम्पनीसँग फ्रि भिसा, फ्रि टिकटअन्तर्गत पठाएको श्रम गन्तव्य मुलुक, रोजगारदाता कम्पनीको संस्था, कामदारको नाम, उनीहरूको नेपालको सम्पर्क नम्बर, काम, तलबलगायतका विवरण पठाउन भनेको छ ।

विभागले दिएको समयसीमाभन्दा एक हप्ताअघि नै विवरण पठाउने म्यानपावर कम्पनीहरूमा गुड एलायन्स ओभरसिज प्रा.लि., एफएसआई वर्ल्डवाइड नेपाल प्रा.लि., ब्रोडलिंक ओभरसिज प्रा.लि., सोलो एशिया रिक्रुटमेन्ट प्रा.लि., वाइज इन्टरनेशनल नेपाल प्रा.लि., मित्र ओभरसिज प्रा.लि., सुनकोशी म्यानपावर सर्भिस प्रा.लि., नवजीवन इन्टरनेशनल प्रा.लि. रहेका छन् ।

त्यस्तै स्टेभान गुर्खा सर्भिस प्रा.लि., टाइटानिक म्यानपावर सप्लायर्स प्रा.लि., रिलायन्स एचआर सोलुसन प्रा.लि., ब्रिटिश गुर्खा ओभरसिज सर्भिस प्रा.लि., मिराकल इम्प्लोइमेन्ट सर्भिस प्रा.लि. र नासा ह्युमन रिसोर्स प्रा.लि.ले पनि विवरण पठाएका छन् ।

विभागले फ्रि भिसा, फ्रि टिकट अर्थात शून्य लागतमा कामदार पठाएको विवरण पठाएका म्यानपावर कम्पनीहरूले कुनै रकम लिएको भए उजुरी दिन पनि आग्रह गरेको छ । विभागले सोमबार सार्वजनिक गरेको दुई दर्जन म्यानपावर कम्पनीहरूको सूचीमा शून्य लागत र इम्प्लोइमेन्ट पे मोडलमा कामदार पठाउँदै आएका इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि. र आकर्षण इन्टरनेशनल प्रा.लि. जस्ता धेरै कामदार पठाएका म्यानपावर कम्पनीको नाम भने समावेश छैन । आकर्षण इन्टरनेशनल प्रा.लि.का अध्यक्ष विष्णु केसीले विभागमा विवरण पठाउने समयसीमा अझै एक हप्ता रहेको भन्दै तोकिएको पृष्ठ २ मा

### उजुरी फरफारक भएमात्रै म्यानपावरको इजाजतपत्र नवीकरण गर्न निर्देशन

**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालले उजुरी फरफारकपछि मात्रै म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण गर्न निर्देशन दिएका छन् । सोमबार बिहान वैदेशिक रोजगार विभागमा पुगेका मन्त्री अर्यालले कार्यालय निरीक्षणपछि उक्त निर्देशन दिएका हुन् ।

त्यस अवसरमा विभागका महानिर्देशक डण्डुराज घिमिरेले विभागले चालु आर्थिक वर्षमा दर्ता भएका ७ हजार ६ सय ४३ मध्ये ३ हजार ७ सय ६६ उजुरीको फरफारक गरी पीडित कामदारहरूलाई ३१ करोड ७३ लाख ८० हजार ८ सय ६० रूपैयाँ क्षतिपूर्ति प्रदान गरिएको जानकारी दिएका थिए । पृष्ठ २ मा

# नाती पुस्तामा न्याय !

न्यायको न्यूनतम मान्यता 'ढिलो न्याय पाउनु भनेको न्याय नपाए सरह हो' । तर कतिपय मुद्दामा न्यायका लागि पीडितले नातीपुस्तासम्म पर्खिनुपर्ने अवस्था छ ।



अदालतप्रति जब नागरिकको भरोसा कम हुन्छ तब डेमोक्रेसी कमजोर हुन्छ । अदालतप्रतिको भरोसा भनेको- न्याय सम्पादनमा प्रभावकारिता हो, निश्पक्षता हो र छिटो न्याय सम्पादन पनि हो ।

**महेश बर्तौला**
**प्रमुख सचेतक, एमाले**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २४ असार ।

१२ मंसिर २०६० मा गैरकानूनी सम्पति आर्जनको भ्रष्टाचार मुद्दा सामना गरेका रवीन्द्रनाथ शर्मा २०६५ सालमा दिवंगत भए । त्यसपछि करिब पाँच वर्ष अदालतको चक्कर काटेर उनीविरुद्धको मुद्दा १७ असोज २०६९ मा फैसला भयो र दोषी ठहर भए ।

दिवंगत भएकाले कैद सजाय र जरिवानाको निर्णय भएन । त्यसपछि बिगो परिवारका सदस्यहरूको सम्पत्तिबाट समेत काटिने भयो । उनको निधनपछि परिवारका सदस्यहरू आरोपबाट मुक्ति पाउन विशेष अदालत मात्रै होइन, सर्वोच्च अदालत समेत धाए । सर्वोच्चले समेत दोषी ठहर गरेपछि मुद्दा टुंगियो । परिवारका सदस्यको सम्पतिबाट बिगो असुल हुने भयो ।

यो त एक उदाहरण मात्रै हो । समयमै मुद्दाको टुंगो नलाग्दा कैयौंले मृत्यु भइसकेको वर्षौंपछि परिवारले सास्ती खेप्नु परेको छ भने न्याय खोज्नेहरुले समयमा न्याय पाउन सकिरहेका छैनन् । संविधानअनुसार नेपालमा संवैधानिक इजलास सहितको सर्वोच्च अदालत पृष्ठ २ मा

# सामुदायिक वनमा चियाखेती

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २४ असार

अर्घाखाँचीको भूमिकास्थान नगरपालिका-१०, सेङलेङको लालीगुराँस देउराली सामुदायिक वनमा व्यवसायिक चियाखेती शुरु भएको छ । बनमाराले अन्य जडिबुटी तथा घाँस समेत सखाप बनाइदिएपछि बनमारा हटाएर समुदायले चियाखेती शुरु गरेको हो ।

अर्घाखाँचीमै पहिलो पटक सेङलेङमा व्यवसायिक चियाखेती थालिएपछि स्थानीय हर्षित भएका छन् । भूमिकास्थान नगरपालिकाको समन्वय तथा सामुदायिक वनको २१ र निजी तर्फ १७ गरी ३८ रोपनी क्षेत्रफल जग्गामा ३२ हजार चियाका बिरुवा रोपिएको लालीगुराँस देउराली सामुदायिक वनका अध्यक्ष गिर बहादुर नेपालीले बताए ।

समुद्री सतहदेखि २ हजार मिटर भन्दा बढी उचाइमा रहेको सेङलेङमा भूमिकास्थान नगरपालिकाले पर्यटन हबको रुपमा विकास गर्नेगरी काम समेत थालेको छ ।



प्राकृतिक रुपमा मनमोहक वातावरण रहेको उक्त स्थानमा चियाको बगान तयार भएपछि पर्यटकको आकर्षण थप बढेर जाने भूमिकास्थान नगरप्रमुख झविलाल थापाले जिकिर गरे ।

'हामीले भूमिकास्थानलाई कृषि, पर्यटन, उद्योग र व्यापारको माध्यमबाट आर्थिक समृद्धि र आत्मनिर्भर पालिका बनाउने योजना बनाएका छौं', नगरप्रमुख थापाले भने, 'जसअनुसार कार्यक्रम लन्च भएका छन् ।' कर्मशिल जनशक्तिमार्फत बाँझो जग्गामा व्यवसायिक कृषि, मकैको पोष्कर र थाकलको पातबाट टोपी र झोला निर्माण, सेङलेङ होमस्टेसहित पालिकाभर व्यवसायिक पर्यटकीय क्षेत्रको विकास नै नगरपालिकाको रोजगारी, उत्पादन र समृद्धिका आधार भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगदीशचन्द्र नेपालीले बताए ।

गत वर्षदेखि शुरु भएको कर्मशिल जनशक्ति परिचालनमार्फत बाँझो जग्गामा व्यवसायिक कृषि, मकैको पोष्कर र थाकलको पातबाट निर्माण हुने टोपी, झोला र विद्यालयमा पढ्दै कमाउँदै रमाउँदै कार्यक्रमले हरेक नगरबासीलाई नैतिकवान र कर्मशिल बनाउँदै लग्ने नगरप्रमुख थापाको विश्वास छ । युवाहरुले देशछोडे भन्ने चिन्ता गर्नु भन्दा पहिला स्वदेशमै बस्ने वातावरण बनाउन सबै पक्ष एक भएर लाग्नुपर्नेमा नगरप्रमुख थापाको जोड रहेको छ । स्थानीयको जागरुकता र सामुहिक एकता देख्दा अर्घाखाँचीमै पहिलो चिया पकेट कार्यक्रमको रुपमा सेङलेङमा चियाखेती सफल हुनेमा आफु विश्वास्त रहेको भूमिकास्थानका प्रमुख प्रशासकीय अधिकृत नेपालीको विश्वास छ ।

बनमारा हटाएर चिया खेती लगाएका छौं, यसलाई प्रवर्द्धन गर्दै पर्यटकलाई आकर्षण गर्नेगरी बगान बनाउने सोचमा रहेको सेङलेङ होमस्टेका अध्यक्ष हिमनाथ खनालले बताए । भूमिकास्थानको सेङलेङ गाउँ शितोष्ण हावापानी भएको र पूर्वतर्फ फर्किएको जैविक विविधताले सम्पन्न नमूना गाउँ हो । जहाँबाट मनोरम हिमश्रृंखला, अग्ला पहाडदेखि बेसिसम्मका रोचक दृश्य देख्न र चिसो मौसमको आनन्द लिन सकिन्छ । पछिल्लो समय बढ्दै गएको गर्मी र मानविय उकुसमुकुसमा प्राकृतिक मनोरमपूर्ण सेङलेङ आन्तरिक तथा बाह्य पर्यटकको रोजाइको थलो बन्न थालेको छ ।

चैतेदशैंमा सराँय नाच सहितको मेला लाग्ने बराहदेवीको मन्दिर, सेङलेङ दह, पाथिभरा मन्दिर, सेङलेङ दह, चौर, नजिकै रहेको मसिनाको लेक, मृगस्थलीझरना, सिद्धगुफा पर्यटकीय आकर्षणको रुपमा रहँदै आएका छन् भने अब बन्ने चिया बगान पनि पर्यटकीय रोजाइमा पर्ने आँकलन गरिएको छ ।

# आमाको किरियासँगै प्रशासकीय काममा अधिकारी



**लेखनाथ सिकारु/मध्यान्ह**
पाँचथर,२४ असार

पाँचथरको कुम्मायक गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेश अधिकारी यतिबेला आमाको काजक्रियामा छन् । काजक्रियासँगै उनी गाउँपालिकाको प्रशासकीय काम पनि गरिरहेका छन् । आर्थिक वर्षको अन्तिम समयमा सेवाग्राहीहरुलाई कुनै समस्या नपरोस् भन्ने उद्देश्यले उनले आमाको काजकिरियासँगै पालिकाको काम पनि गरेका हुन् । अधिकारीकी आमा मेनकादेवीको निधन भएको ६ दिन भएको छ ।

आर्थिक वर्षको अन्तिम अवस्था छ, काम सकेर भुक्तानी पाउनुपर्ने अवस्थामा सेवाग्राहीहरुलाई दुःख नहोस् भन्ने उद्देश्यले आफूले प्रशासकीय काम गर्नु परेको अधिकारीको भनाइ छ ।

आइतबार उनले काजक्रिया बसिरहेका बेलामा सम्बन्धित कर्मचारी साथीहरुलाई सबै फायल लिएर आउन भनेका थिए र प्रक्रियामा रहेका कामकाजको भुक्तानी सदर गरेका थिए । भुक्तानी प्रक्रियामा प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको दस्तखत अनिवार्य रहने गरेको छ । प्रमुख प्रशासकीय अधिकृत अधिकारीले भने,'मैले सम्बन्धित कर्मचारी साथीहरुलाई प्रक्रियामा रहेका सबै फायल लिएर आउन भनेको थिए । प्रक्रियामा पुगेका कामकाजको भुक्तानी सदर गरेको छु ।'काजक्रिया र सुत्केरी समयमा कानूनले बिदा दिएकै भएपनि आफ्नो दायित्व र समुदाय र सेवाग्राही प्रतिको उत्तरदायीत्वलाई ख्याल राखेर काम गर्नुपरेको बताए ।

# राजदूत ढकालद्वारा नेपाली पुस्तकालयलाई पुस्तक हस्तान्तरण

**सुरेश भट्ट आश्रिन/मध्यान्ह**
कतार, २४ असार




कतारका लागि नेपाली राजदूत नरेश विक्रम ढकालले नेपाली पुस्तकालयलाई पुस्तक हस्तान्तरण गरेका छन् । दूतावासको सभाहलमा रहेको नेपाली पुस्तकालयलाई नेपाली, अंग्रेजी साहित्य र कुटनीतिक विषयका ५० प्रति पुस्तक हस्तान्तरण गरेका हुन् ।

नेपाली डासपोरा अन्तर्गत कतारमा रहेका नेपालीहरूको पठन संस्कृतिको उन्नयनका लागि आफुले पढेर सकेका पुस्तकहरु पठनयोग्य र प्रभावकारी हुने भएकाले नेपाली समाजले स्थापना गरेको पुस्तकालयमा हस्तान्तरण गर्दा पुस्तक प्रति रुची हुनेहरुका लागि उपयोगी हुने उनले बताए ।

'किताब मान्छेको महानतम् सम्पदा हो । यसलाई आर्थिक वा भौतिक अन्य कुनै पनि वस्तुको तुलना गर्न सकिँदैन । चाहे कुनै प्रतिकुल स्थितिमा होस् वा अनुकुल, जस्तोसुकै अवस्थामा पनि किताब तपाईंका लागि एक आनन्द, प्रेरणा र ऊर्जाको स्रोत बन्छ' उनले भने, 'जो सफ एडिसन एक प्रख्यात अंग्रेजी साहित्यकारले आजभन्दा करिब तीन सय वर्षअघि भनेका थिए 'रिडिङ इज टु द माइन्ड ह्वाट एक्सरसाइज इज टु द बडी' अर्थात् पढाइ दिमागका लागि त्यति नै जरुरी छ, जति शारीरिक स्वास्थ्यका लागि व्यायाम छ ।'

आजभोली अन्तर्राष्ट्रिय नेपाली समाज सम्भ्रान्त बन्दै जाँदा पुस्तकप्रतिको मोह र पुस्तकालय घट्दो रहेको उनले बताए । घर-कोठामै मदिरालय हुन्छ । आभुषणका अनेक कुराहरुले सुसज्जित पनि गर्छन् । तर, पुस्तकालय हुँदैन ।

उनले भने, 'यदि हामीले आफ्नो घर वा कोठामै किन नहोस् एउटा मिनि पुस्तकालयको व्यवस्था गर्ने र उत्कृष्ट पुस्तकहरु संकलन गर्ने अभ्यास गरिएमा त्यसले हाम्रो घरको शोभा मात्र बढाउँदैन, पठन संस्कृतिको विकास पनि गर्छ ।'

इन्टरनेट, मोबाइल, ल्यापटपमा लिप्त हुँदै गएको अहिलेका पुस्तालाई त पठन संस्कृतिको अझै जरुरत रहेको उनले बताए । उनले भने, 'उनीहरुलाई पुस्तक पढ्ने, चिन्तन मनन गर्ने परिपाटीको खाँचो छ । यसले उनीहरुलाई डिजिटल प्रविधिको लतबाट मुक्त मात्र गराउँदैन, मस्तिष्क विकासमा समेत सहयोग पुऱ्याउँछ ।'

# लुडो खेलेर दुई घण्टा बिताउँदै कर्मचारी

**काठमाडौं/मस**-असार बित्न एक साता बाँकी छ, किसान होस् वा कर्मचारी, कामको चटारो छ सबैलाई । तर, मुलुकको संघिय राजधानी सिंहदरबारस्थित कृषि तथा पशुपक्षी मन्त्रालयको मूलद्वारमा भने केही राष्ट्रसेवक दैनिक दुई घन्टा लुडो खेल्दै धर्ना दिइरहेका छन् । उनीहरू एकै श्वरमा भन्छन्, 'विसं २०७५ मा कर्मचारी समायोजन गरिँदा केन्द्रमा क्षमताभन्दा बढी कर्मचारी राखियो, जसले हाम्रो पदोन्नति र वृत्ति विकास भएन ।'

सिंहदरबार परिसर आन्दोलन र धर्ना निषेधित क्षेत्र भए पनि मन्त्रालयकै प्रवेशद्वारमा नौ दिनदेखि निरन्तर धर्ना र 'घरपास-नागपास' चलिरहेको छ । त्यहाँ धर्ना दिइरहेका कर्मचारी दैनिक दुई घन्टा यसरी नै समय कटाइरहेका छन् । कृषिप्रधान मुलुकमा असार मानो रोपेर मुरी उब्जाउन व्यस्त रहने तथा कर्मचारी वर्षभरको कामको हरहिसाब समीक्षामा खटिनुपर्ने समय हो ।



राष्ट्रिय बाली संरक्षण अधिकृत तोयानाथ जोशी भन्छन्, 'संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कर्मचारी समायोजनमा केन्द्रमा क्षमताभन्दा बढी कर्मचारी राखेका कारण आठ वर्षदेखि हाम्रो बढुवालगायत वृत्ति विकास रोकिएको छ, न पद छ, न कुर्सी नै, हामी अहिले म्यादी प्रहरी जस्ता छौं ।' समायोजनमा चाहिनेभन्दा बढी संख्यामा केन्द्रमा कर्मचारी राखिएका कारण वृत्ति विकासमा समस्या भएको जनाउँदै धर्नारत कर्मचारीले दरबन्दी प्राप्तिका लागि धेरै पटक ताकेता गर्दा पनि सुनुवाइ नभएपछि बाध्य भएर आन्दोलनमा उत्रनुपरेको प्रतिक्रिया दिए ।

लामो समयदेखि जिम्मेवारीविहीन अस्थायी पुलमा रहन परेकामा दुखेसो पोख्दै उनीहरूले सर्वोच्च अदालतबाट भएको फैसला कार्यान्वयन नभएकामा आश्चर्य प्रकट गरे । जोशी भन्छन्, 'हाम्रो माग र चासोबारे अदालतबाट परमादेश भएको दुई वर्ष भइसक्यो, अझै कार्यान्वयन भएन । अदालतको आदेश पालना नभएपछि मानहानिको मुद्दा पनि दायर गरिएको छ ।'

कर्मचारी समायोजन गर्ने विगतको सामान्य प्रशासनको निर्णयबाट कृषि मन्त्रालयमातहत कार्यरत शाखा अधिकृतस्तरका एक सयभन्दा बढी कर्मचारी प्रभावित भएको उनीहरू बताउँछन् । यद्यपि बिहान १० देखि मध्याह्न १२ बजेसम्म दैनिक निरन्तर धर्नामा रहेका ती कर्मचारीको माग सम्बोधन गर्नेबारे सरकार सकारात्मक रहेको कृषि तथा पशुपक्षी मन्त्रालयका प्रवक्ता हरिबहादुर केसीले बताए । कर्मचारीका समस्या समाधान गर्न अर्थ मन्त्रालयमा प्रस्ताव पुगिसकेको तथा चालु आर्थिक वर्षमा उनीहरूका माग सम्बोधन हुनेमा आफू विश्वस्त रहेको बताए ।

**उदार...**

मन्त्रीका विषयमा छलफल सुरु भइसकेको छ । कांग्रेसमा पार्टीतर्फ सरकारमा नेतृत्व गर्न उपसभापति पुर्णबहादुर खड्का, कृष्ण सिटौला र प्रकाशमान सिंह आकांक्षी छन् । यद्यपी कसको नेतृत्वमा जाने भन्ने विषय पार्टी सभापतिले निर्णय गर्ने प्रमुख सचेतक लेखक बताउँछन् । कांग्रेस सभापति देउवाले मन्त्री छनोटका सम्बन्धमा पार्टीभित्र विपक्षी खेमाका नेता शेखर कोइरालाको मनस्थिति बुझ्न आइतबार प्रमुख सचेतक लेखकलाई भेट्न पठाएका थिए । कांग्रेसभित्र शक्ति केन्द्र मानिने नेताहरूको मनिस्थिति बुझेर उनीहरूनिकट सांसदलाई विश्वासमा लिएर मन्त्री बनाउने कांग्रेस सभापति देउवाको योजना छ ।

**गभर्नरको...**

सहकारीका विषयमा आवश्यक व्यवस्था गर्नुपर्ने गभर्नर अधिकारीको सुझाव छ ।

सहकारीलाई नियमन गर्ने निकायको स्थापना गरिनुपर्ने, सहकारी स्वनियममा चल्छन् भनी छोड्न नहुने, ऋणीका बारेमा सहकारीलाई कुनै जानकारी नहुने गरेकाले त्यो समस्या समाधानको उपाय निश्चित गर्न पनि विज्ञले सुझाएका छन् ।

कर्जा सूचना केन्द्रका प्रमुख कार्यकारी अधिकृत अनिलचन्द्र अधिकारी विद्यमान स्थितिमा एउटै केन्द्रले काम गर्न सकिने बताउँछन् । यसका लागि आवश्यक कानुनी व्यवस्था मिलाउनुपर्नेमा उनको जोड छ । कर्जा सूचना केन्द्रमा एकीकृत सूचना प्रणालीको व्यवस्था गरिनुपर्ने उनको सुझाव छ ।

बीमा र सहकारीका विषयमा छुट्टै सूचना केन्द्र स्थापना गरिनुपर्ने सुझाव उनको छ । नेपाल बैंकर्स एशोसियसनका अध्यक्ष सुनील केसी सहकारीको जस्तो समस्या अरु वित्तीय संस्थामा पनि आउनसक्ने तर्फ सचेत हुनुपर्ने बताउँछन् । यसका लागि छिटो समस्या समाधान गरिनुपर्ने उनको राय छ । १५ जेठ २०८१ मा सहकारीको बचत रकम अपचलनसम्बन्धी छानबिन गर्न संसदीय छानबिन समिति गठन भएको थियो । एमाले सांसद सूर्यबहादुर थापाको सभापतित्वमा गठित ७ सदस्यीय छानबिन समितिले सरोकारवाला पक्ष र विज्ञहरुसँग छलफल गरिरहेको छ । छानबिन समितिमा एमालेकी सरिता भुसाल, कांग्रेसबाट ईश्वरी न्यौपाने र बद्री पाण्डे, माओवादीबाट लेखनाथ दाहाल, रास्वपाबाट शिशिर खनाल र राप्रपाबाट ध्रुवबहादुर प्रधान रहेका छन् । संसदीय छानबिन समितिको क्षेत्राधिकारमा सहकारी संस्थाहरूमा देखिएको संकट तथा यससँग जोडिएको कानुनी र संस्थागत प्रयोजन एवं वित्तीय प्रणालीको नियमन, सुपरिवेक्षण र पारदर्शिता सम्बन्धमा अध्ययन गरी सुझाव दिने रहेको छ ।समस्यामा परेका सहकारी संस्थाका बचतकर्ताको बचत रकमको सुरक्षा गर्न, जोखिममा रहेको तथा दुरुपयोग भएको बचत रकम छिटो र सहज ढंगले फिर्ता गर्न सकिने उपायका सम्बन्धमा अध्ययन गरी सिफारिस गर्नु पनि यो समितिको क्षेत्राधिकारको विषय हो ।

**दुई ...**

संघले उक्त निर्णयमा केवल ४ प्रतिशत मात्रै नेपाली कामदार गएको र केही कामदार उक्त निर्णय आउनु अगाडिदेखि नै फ्रि भिसा, फ्रि टिकटमा गएकाले बिना अध्ययन अनुसन्धान सस्तो लोकप्रियताका लागि आएको निर्णय भनि विरोध गर्दै आएको छ ।

मन्त्रालयले उक्त निर्णयलाई न कडाइका साथ लागू गर्न सकेको छ न त हटाउन नै सकेको अवस्था छ । यस्तो अवस्थामा विभागमार्फत माग गरिएको विवरणको औचित्य के ? भन्ने प्रश्न धेरै व्यवसायीले उठाउने गरेका छन् ।

मन्त्रालयले विभागमार्फत वर्षेनी विवरण मागे पनि यस सम्बन्धमा उठेका प्रशनहरूको समाधानका लागि ठोस निर्णय गर्नसकेको छैन । कानूनतः खाडी र मलेसिया गएका सबै कामदार फ्रि भिसा, फ्रि टिकटमै गएका हुन्, जसको दैनिक, मासिक र वार्षिक विवरण वैदेशिक रोजगार विभागसँग नै सुरक्षित छ । यस्तो अवस्थामा आफैंले दिएको फ्रि भिसा, फ्रि टिकटअन्तर्गतको श्रम स्वीकृतिको विवरण व्यवसायीसँग माग गर्ने काम फुर्सदको सदुपयोग गर्ने विभागको नयाँ शैली त होइन भन्ने कतिपयको जिज्ञासा छ । समयसीमाभित्र नै विवरण पठाउने तयारीमा रहेको बताए । अघिल्ला वर्षहरूमा १६ देखि १८ हजार नेपाली फ्रि भिसा, फ्रि टिकटमा वैदेशिक रोजगारमा गएको आंकलन छ । व्यवसायीले विवरण पठाएपछि चालु आर्थिक वर्षमा फ्रि भिसा, फ्रि टिकटको पछिल्लो चित्र स्पष्ट हुनेछ ।

फ्रि भिसा, फ्रि टिकटको डिमाण्डमा कामदार पठाएको भएपनि कतिपय म्यानपावर कम्पनीले एजेन्ट र बिचौलिया परिचालन गरेर विगतमा जस्तै ठूलो रकम लिएको आशंका वैदेशिक रोजगार विभाग र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गरेको छ । विभागको पछिल्लो सूचनामा उजुरी दिन गरिएको आग्रहले विभाग फ्रि भिसा, फ्रि टिकटमा ठूलै रकम असुली भएको मनोदशामा रहेको प्रष्ट भएको छ ।

तत्कालीन श्रम राज्यमन्त्री टेकबहादुर गुरुङको कार्यकालमा २०७२ सालमा फ्रि भिसा, फ्री टिकटको व्यवस्था आएको हो । वैदेशिक रोजगार व्यवसायी

**उजुरी...**

मन्त्री अर्यालले उजुरी फरफारकको क्रमलाई तीव्रता दिन म्यानपावर नवीकरणमा पनि उजुरी फरफारकको विषय जाडेका हुन् ।

**नाती...**

छ । सातै प्रदेशमा उच्च अदालतका इजलास र अस्थायी इजलास गरी १८ वटा छन् । ७७ वटा जिल्ला अदालत छन् । सर्वोच्चदेखि, उच्च, जिल्ला गरी देशभर ९६ वटा अदालतबाट मुद्दाको छिनोफानो हुने गरेको छ । तर पनि समयमा न्याय नपाएको गूनासो कम हुन सकेको छैन् ।

नेपाली कांग्रेसका सांसद राजेन्द्र केसी अदालतमा २० वर्ष, ३० वर्ष, ४० वर्ष, ५० वर्षदेखिका मुद्दा बिचाराधीन रहेको बताउँछन् । 'नाती पुस्तामा पुगेर न्याय पाए त्यसको महत्व नहुने उनको राय छ । 'नातीको पालाको मुद्दा छिनेर न्याय हुँदैन । यसकारण कसरी हुन्छ मुद्दा छिटो फरफारक गर्नेतिर ख्याल गरियोस्' उनले प्रतिनिधि सभाको बैठकमा भने ।

सर्वोच्च अदालत प्रशासनका अनुसार सर्वोच्च अदालतमा मात्रै ३९ हजार ६४१ मुद्दाको लगत छ । यसमध्ये १३ हजार ३७७ फर्स्योट भएका छन् भने २६ हजार ३७७ मुद्दा विचाराधीन छन् । ती मध्ये १३ हजार चार सय दुई वर्ष नाघेका र तीन हजार सात सय पाँच वर्ष पुराना मुद्दा छन् ।सर्वोच्च अदालतका सूचना अधिकारी गोविन्दप्रसाद घिमिरेका अनुसार १० वर्ष नाघेका मुद्दाको संख्या ९ वटा, ५ वर्ष नाघेका तीन हजार ५२ ९ र दुई वर्ष नाघेका मुद्दा १२ हजार ५२५ वटा रहेका छन् ।

नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौला अदालतप्रति नागरिकहरुको भरोसा बृद्धि गर्न जे जे गर्नुपर्ने त्यो सबै गर्नका लागि सरकार तयार हुनुपर्ने बताउँछन् । 'अदालतप्रति जब नागरिकको भरोसा कम हुन्छ तब डेमोक्रेसी कमजोर हुन्छ' उनी भन्छन् 'अदालतप्रतिको भरोसा भनेको- न्याय सम्पादनमा प्रभावकारिता हो, निश्पक्षता हो र छिटो न्याय सम्पादन पनि हो ।' फैसला कायान्वयनमा पनि सरकार गम्भीर हुनुपर्ने उनको सुझाव छ ।

अदालतको फैसला कायानवयनका लागि फैसला कार्यान्वयन निर्देशनालय रहेको, जिल्ला जिल्लामा तहसिल शाखा रहेको तर, त्यसमा स्रोत साधन र जनशक्ति नरहेको उल्लेख गर्दै उनी भन्छन्, 'फैसला अदालतले गर्ने हो तर, अब फैसला कायान्वयनको जिम्मा नेपाल सरकारले लिनुपर्छ ।'

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/१२/१८ मा दर्ता भएको **प्रा.लि. नं. २६०८४७** को **अपि मोटर्स प्रा.लि.** को मिति २०८१/०१/२५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८५११६३७२३, ईमेल :** rokayasherbahadur723@gmail.com

**जापानमा रोजगार**
**KOUSHIN KYOUDOU KUMIAI, JAPAN**
पुर्व स्विकृति मितिः २०८१।०३।२३ चलानी नं. ६०२२२०२० LT No. 307137

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब N. Rs. | ओभर टाइम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्नेदिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Reinforcing Steel Processor | 3 | 0 | सम्बन्धित कामको दक्ष | 156000 | 129586 | क.नी. अनुसार | ८ घण्टा | ६ दिन | क.नी. अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैं | रोजगारदाता कम्पनीले | रु.१५०० कामदार आफैं |

कामदारको न्युनतम योग्यता र काम गरेको अनुभवः क) नेपाली नागरीक हुनुपर्ने ।
ख) सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा २ बर्ष काम गरेको अनुभव हुनुपर्ने ।
दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः
क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी । ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपी । ग) अनुभवको प्रमाणपत्र।
१. दरखास्त बुझाउनुपर्ने स्थान र अन्तिम मितिः यस प्रा. लि. को कार्यालय , यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र ।
२. कामदारले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा, तथा प्रबर्द्धन खर्च समेतको ) कुल खर्चः निःशुल्क
३. छनौट गर्ने तरिका, मिति र स्थान, छनौट तरिकाः

**अन्तरवार्ताः यस प्रा.लि. को कार्यालयमा २०८१ साउन १ गते (16 July 2024) हुनेछ।**

नोटः वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासि, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवम् दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यक्तिलाई नेपाल सरकारले तोक वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।
वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भर्पाई अनिवार्य रूपमा लिनुहोस् । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस्। ३. यस विज्ञापन सूचनामा उल्लेख भए भन्दा वढी रकम कसैलाई नदिनुहोस्। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम अनिवार्य लिनुहोस्। ५. अनिवार्य रूपमा विमा गराउनुहोस्। ६. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्। सो को १ प्रति आफुसँग राख्नुहोस्। ७. श्रम स्वीकृतीविना वैदेशिक रोजगारीमा नजानुहोस्। वैदेशिक रोजगारीमा जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोस्। वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा. लि. मा गई आवश्यक कुरा बुझ्नुहोस्। अन्यथा ठगिने सम्भावना हुन्छ। ८. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क गर्नुहोस्। ९. काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्। १०. काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्। ११. करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् । **द्रष्टब्यः यस विषयमा थप केही कुरा बुझ्नुपरेमा यस प्रा. लि. मा सम्पर्क गर्न सक्नु हुनेछ ।**

**आकृति रिक्रुटिङ्ग प्रा. लि.**
सिनामंगल, काठमाडौं , फोन नं.: ०१-४११०८२६, ४११०८११
श्रम इजाजत पत्र नं.: ९१७/०६७/०६८

**अत्यन्त जरुरी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस Rose Human Resources Pvt. Ltd. **(श्रम इजाजत पत्र नं. १४५६/०७४/०७५)** मा घर विदुर नगरपालिका ०२, नुवाकोट, हाल तारकेश्वर-१६ बस्ने अभिषेक अधिकारी यस कार्यालयको कर्मचारी नभएको र निज व्यक्तिसँग कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सूचनाद्धारा जानकारी गराउँदछौं । साथै वैदेशिक रोजगारीसँग सम्बन्धित कुनै पनि आर्थिक कारोबार गर्दा यस प्रा.ली.को लेखा शाखाबाट मात्र गर्न र अन्यथा गरे/गराएमा यस प्रा.ली. जिम्मेवार नहुने र यस प्रा.लि.को नाममा कुनै पनि अनाधिकृत व्यक्तिहरुले वैदेशिक रोजगार सम्बन्धि कारोबार गरे गराएमा यस प्रा.लि. जिम्मेवार नहुने जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Rose Human Resources Pvt. Ltd.
श्रम इजाजत नं. १४५६/०७४/०७५
Sinamangal-9, Kathmandu, Tel.: 01-4116690, 4116669
Email : rosehumanresources12@gmail.com

**सार्बजनिक सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार ब्यवसाय सञ्चालन गर्न इजाजत पत्र प्राप्त सिनामंगल-९, काठमाडौंस्थित श्रम इजाजत पत्र नं. (इ.प.नं. १६३४/०८०/०८१) अल-फलाह ग्रुप ह्यूमन रिसोर्सोज प्रा.ली.ले खाडी मुलुकका देशहरुको मात्र बैदेशिक रोजगार सम्बन्धी काम गर्ने भएको हुनाले खाडी मुलुकका देशहरु बाहेक अरु कुनै पनि देशको बैदेशिक रोजगार सम्बन्धी काम नहुने भएको हुनाले खाडी मुलुकको लागी पैसा वा रकम बुझाउनु परे मा अल-फलाह ग्रुप ह्यूमन रिसोर्सोज प्रा.ली.को लेखा शाखा मात्र बुझाउनु होला र लेखा शाखा बाहेक अन्य ठाउँ वा अरु कसैलाई खाडी मुलुक बाहेक अरु देशको डिमाण्ड छ भनि पैसा वा रकम उठाए वा बुझाएमा अल-फलाह ग्रुप ह्यूमन रिसोर्सोज प्रा.ली. जिम्मेवार हुने छैन र भनि सार्बजनिक सूचना जारि गरिएको छ ।

AL-FALAH HUMAN RESOURCES PVT.LTD
License No: 1634/080/081
Sinamangal,-9, Kathmandu, Nepal (Om Nagar Marga)
Phone No.+9777-1-5918949

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०६/१६ मा दर्ता भएको **प्रा.लि. नं. २००६०** को **पूर्वी चितवन यातायात प्रा.लि.** को मिति २०८१/०१/२५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८५११६३७२३, ईमेल :** rokayasherbahadur723@gmail.com

# कपिलवस्तुमा सामुदायिक विद्यालयका ६७ प्रतिशत छात्रामा रक्तअल्पताको समस्या

**क्षितिज किरण/मध्यान्ह**
कपिलवस्तु, २४ असार

कपिलवस्तुको सामुदायिक विद्यालयमा अध्ययनरत ६७ प्रतिशत बढी किशोरी छात्रामा रक्तअल्पता (एनिमिया)को समस्या देखिएको छ । लुम्बिनी प्रदेश सरकारको किशोरीहरूको रक्तअल्पता जाँच कार्यक्रमअन्तर्गत स्वास्थ्य कार्यालय कपिलवस्तुले जिल्लाका २४ वटा सामुदायिक विद्यालयका छात्राको रक्त परीक्षण गर्दा ६७ प्रतिशत बढी छात्रामा रक्तअल्पताको समस्या देखिएको हो ।



जिल्लाका १० पालिकाका कक्षा ८ देखि कक्षा १२ सम्म अध्ययनरत ४ हजार ७ सय ३४ किशोरी छात्राको रगतको नमुना लिइ हेमोग्लोबिनको मात्रा परीक्षण गर्दा ३ हजार १ सय ३६ जनामा रक्तअल्पता देखिएको हो । जुन संख्या प्रतिशतमा हेर्ने हो भने ६७ दशमलव ३० प्रतिशत हुने देखिएको छ । रगतमा हेमोग्लोबिनको मात्रा १२ भन्दा कम हुनु रक्तअल्पता हो । परीक्षणका क्रममा ८ भन्दा कम हेमोग्लोबिनको मात्रा हुने (कडा रक्तअल्पता) देखिएकामा १ सय ६१ जना अर्थात ३ दशमलव ४ प्रतिशत छात्रा छन् । त्यसैगरी ८ देखि १० दशमलव ९ हेमोग्लोबिन हुने (मध्यम रक्तअल्पता) देखिएकामा १ हजार ८ सय ६५ जना अर्थात ३९ दशमलव ४ प्रतिशत र ११ देखि ११ दशमलव ९ हेमोग्लोबिन (कम रक्तअल्पता) हुने छात्राको संख्या १ हजार १ सय ६० अर्थात २४ दशमलव ५ प्रतिशत देखिएको छ ।

किशोरी र छात्राहरूमा जंकफुडको सेवन तथा व्यवस्थित खानपान नहुँदा रक्तअल्पताको समस्या देखिने गर्दछ । खानपानमा हरियो सागसब्जी, दुध, दही, माछा र मासुको सेवन नगर्दा रक्तअल्पताको समस्या आउने स्वास्थ्यकर्मीहरू बताउँछन् । सर्वेक्षणका क्रममा गरिएको परीक्षणको तथ्यांकले समेत नगर, बजार र भारतीय सीमावर्ती क्षेत्र जहाँ जंकफुडको उपलब्धता सहज छ त्यहीँ रक्तअल्पताको समस्या बढी देखिएको छ । जिल्लामा सबैभन्दा बढी बुद्धभूमि नगरपालिकाका किशोरी छात्रामा रक्तअल्पताको समस्या देखिएको छ । बुद्धभूमि नगरपालिकाको भृकुटी मावि बुड्डी र सिद्धार्थ स्मारक मावि भेलाइका ५ सय १९ छात्राको रगत परीक्षण गर्दा उनीहरूमध्ये ४ सय ४० अर्थात ८४ दशमलव ७७ प्रतिशत छात्रामा रक्तअल्पता देखिएको छ । जसमा ११ जनामा कडा रक्तअल्पता, २ सय ६९ जनामा मध्यम र १ सय ६० जनामा न्यून रक्त अल्पता देखिएको हो ।

त्यसैगरी बढी रक्तअल्पता देखिने दोस्रो पालिकामा कपिलवस्तु नगरपालिका छ । त्यहाँका तिलौराकोट मावि र बुद्धपद्यम माविका ३ सय ३८ जना छात्राको रगत परीक्षणमा २ सय ७९ जना (८२ दशमलव ५४ प्रतिशत)मा रक्तअल्पता देखिएको छ । त्यसैगरी तेस्रो बढी रक्तअल्पता देखिनेमा यशोधरा गाउँपालिका रहेको छ । त्यहाँका ४ सय ८६ छात्रामध्ये ३ सय ९० (८० दशमलव २४ प्रतिशत) मा रक्तअल्पता देखिएको छ । सर्वेक्षणका क्रममा २४ वटा विद्यालयमध्ये जिल्लाको यशोधरा गाउँपालिकाको बासुदेव जनता मावि रंगपुरका १ सय ६९ छात्रामध्ये १ सय ६७ जनामा अर्थात ९८ दशमलव ८१ प्रतिशतमा रक्तअल्पता देखिएको छ । बुद्धभूमिको भेलाइस्थित सिद्धार्थ स्मारक माबिमा परिक्षणका क्रममा छात्रामा हेमोग्लोबिनको मात्रा ६ सम्म पनि देखिएको परीक्षणमा सहभागी सोही नगरपालिकाको महुवा स्वास्थ्य चौकीमा कार्यरत ल्याब असिस्टेन्ट ज्ञानेन्द्र बहादुर यादवले जानकारी दिए ।

रक्तअल्पताका तत्कालीन असर हरूमा शारीरिक थकावट र कमजोरी हुने, कार्य क्षमता घट्ने, आलस्य हुने र बौद्धिक क्षमता घट्ने हुन्छ । यसका दीर्घकालीन असरमा कार्य क्षमतामा कमी आउने, अन्य रोगको संक्रमण सम्भावना बढ्ने, गर्भावस्थामा रक्तचाप बढ्नुका साथै जटिलता उत्पन्न हुने, मातृ मृत्यु र बाल मृत्युको सम्भावना बढ्ने, बच्चा कुपोषित र कम तौलको हुनेलगायतका समस्या देखिने गर्छ । जिल्लामा गरिएको सर्वेक्षणमा सहभागी स्वास्थ्य कार्यालय कपिलवस्तुका क्षयकुष्ठ निरीक्षक मोहम्मद इरफानले यो तथ्यांकले जिल्लामा रक्तअल्पताको समस्या गम्भीर भएको देखिएको बताए । उनले बालबालिकालाई जंकफुडको सेवन गर्नबाट रोक्न र पोषणयुक्त खाना खाने विषयमा सचेत बनाउन आवश्यक रहेको बताए ।

२०८० फागुन र चैतमा जिल्लाका २४ सामुदायिक विद्यालयमा गरिएको सर्वेक्षणमा स्वास्थ्य कार्यालय कपिलवस्तुका प्रमुख वरिष्ठ जनस्वास्थ्य अधिकृत नारायण प्रसाद चौधरी, क्षयकुष्ठ निरीक्षक मोहम्मद इरफान र कार्यालयका ल्याब टेक्निसियन श्रीधर खनाल सहभागी थिए । त्यसैगरी सम्बन्धित पालिकाका अनमी, ल्याब असिस्टेन्ट, शिक्षकसहितका ७ जनाको टोलीलाई सहभागी गराइ परामर्श तथा रक्त परीक्षण गरी सर्वेक्षण गरिएको थियो । सो क्रममा किशोरीको रगतको नमुना लिइ विद्यालयमै क्याफरिन सलुसन विधिद्वारा परीक्षण गरिएको हो ।

परीक्षणका क्रममा रक्तअल्पता देखिएका किशोरी छात्रालाई सम्बन्धित स्वास्थ्य संस्था र विद्यालयका शिक्षकको निगरानीमा आइरन चक्की सेवन गराउन थालिएको स्वास्थ्य कार्यालय कपिलवस्तुका प्रमुख वरिष्ठ जनस्वास्थ्य अधिकृत नारायण प्रसाद चौधरीले जानकारी दिए । त्यसैगरी विद्यालय किशोरी आइरन कार्यक्रमअन्तर्गत आवश्यकताका आधारमा जिल्लाका सबै विद्यालयमा आइरन चक्की वितरणका लागि उपलब्ध गराइएको उनले स्पष्ट पारे । सो चक्की हप्तामा १ पटकका दरले तीन महिना निरन्तर र सोपश्चात पुनः तीन महिना रोकेर पुनः निरन्तर सेवन गराउन थालिएको उनले स्पष्ट पारे । चाउचाउ, चिप्स, कुरकुरे, बिस्कुट, कोल्ड ड्रिक्स, मःम, चाउमिन, डोनट, पपकर्नलगायतका जंकफुडको सेवनमा बालबालिकाको बढ्दो प्रभाव र पोषणयुक्त हरियो सागसब्जी, तरकारी, माछा मासु नखाँदा किशोरी छात्रामा रक्तअल्पताको समस्या देखिने गरेको स्वास्थ्यकर्मीहरू बताउँछन् ।

# मधेश प्रदेशमा १५ प्रतिशतमात्र रोपाइँ

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २४ असार



असारको चौथो हप्ता चलिरहेको भए पनि मधेश प्रदेशमा खासै रोपाइँ हुन सकेको छैन । अहिले भने गत दुई दिन लगातार पानी परेपछि किसानहरु दिनभर रोपाइँमा व्यस्त भएका छन् ।

मधेश प्रदेशमा भदैया र मंसिरा गरी दुई किसिमको धानको रोपाइँ हुने गरेको छ । ढिलो गरी पानी परेपछि भदैया धान रोपाइँमा पनि ढिलाइ भएको छ । सामान्यतया असारको तेस्रो हप्तासम्म भदैया धान रोपिसक्नु पर्नेमा पानी ढिला परेपछि अहिले धमाधम रोपाइँ भइरहेको छ ।

मधेश प्रदेशको रौतहटमा करिब ६ प्रतिशत, सर्लाहीमा करिब ५ प्रतिशत, धनुषामा करिब २० प्रतिशत, महोतरीमा करिब २० प्रतिशत, सिरहामा करिब ११ प्रतिशत, सप्तरीमा करिब २५ प्रतिशत र बारामा करिब ७ प्रतिशत धान रोपाइँ भएको छ । समग्रमा मधेश प्रदेशमा अहिलेसम्म करिब १५ प्रतिशत रोपाइँ भएको विकास निर्देशनालायकी प्राविधिक सहायक प्रतिमा यादवले बताइन् ।

ढिलो गरी पानी पर्दा धानको बेर्ना तयार नभएका कारण अहिले पानी परे पनि रोपाइँमा ढिलाइ भएको हो । सिँचाइको सुविधा भएको ठाउँमा भने धान रोपाइँ धमाधम भइरहेको छ । यस वर्ष विगतका वर्षहरुमा भन्दा पानी बढी पर्ने सम्भावना रहेकाले किसानहरुलाई धान उत्पादन राम्रो हुने विश्वास रहेको छ । यसैगरी पानी पर्ने हो भने साउनको पहिलो हप्तासम्म रोपाइँ सिध्याउने किसानहरुको तयारी छ ।

गत केही दिनदेखि पानी परिरहेको भए पनि सर्लाही, रौतहट र बाराको खेतमा भने वर्षाको पानी जमेको छैन । केही गैरी खेत, कुलो लाग्ने तथा बाढी पसेको खेतमा मात्र रोपाइँ भएको र अधिकांश किसानले बोरिङ तथा पम्पसेटको सहायताले रोपाइँ गरिरहेका छन् ।

## सुदूरपश्चिममा बाढी

# ९ जिल्लाका ३ हजार घरपरिवार प्रभावित, पाँचको मृत्यु, २ जना बेपत्ता

**सुनिल आउजी/मध्यान्ह**
धनगढी, २४ असार



लगातार परेको अविरल वर्षाको कारण सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्ला प्रभावित भएका छन् । कैलाली र कञ्चनपुरमा बाढीले वितण्डा मच्चाएको छ भने पहाडी सात जिल्लामा बाढी र पहिरो दुवैका कारण जनजीवन प्रभावित भएका छन् ।

सोमबार मात्रै प्रदेशका ९ वटै जिल्लामा करिब ३ हजार घरपविारलाई सुरक्षित स्थानमा सारिएको थियो । वर्षा रोकिएपछि उनीहरुमध्ये केही घर फर्किएका छन् । सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढीका अनुसार सबै भन्दा धेरै प्रभावित कञ्चनपुरमा रहेका छन् ।

कञ्चनपुरमा मात्रै ४०९ परिवारका १ हजार ७६० जनालाई सुरक्षित स्थानमा राखिएको सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढीका प्रमुख डिआइजी रवीन्द्र केसीले जानकारी दिए । उनले अहिले स्थिति सामान्य हुँदै गएको बताए । 'केही घण्टा अघिसम्म अवस्था विकराल थियो अहिले अवस्था सामान्य बन्दै गइरहेको छ' उनले भने । उनका अनुसार कैलालीमा १४८ परिवारका ४५८ जना, दार्चुलामा १६ परिवारका ९९ जना र बैतडीमा ९९ परिवारका ३०० जनालाई सुरक्षित ठाउँमा सारिएको छ ।

त्यस्तै डोटीमा ४ परिवारका १८ जना, अछाममा १० परिवारको ५४ जना, बझाङमा १२ परिवारको ४५ जना, डडेल्धुराको ४ परिवारका २१ जना, र बाजुराका १ परिवारका ६ जनालाई स्थानान्तरण गरिएको उनले बताए । अविरल वर्षाका कारण आएको बाढी बस्तीमा पसेपछि कञ्चनपुरबाट ३९ जनाको उद्धार गरिएको छ ।

प्रभावित स्थानीयको उद्धारका लागि दुई हजार प्रहरी परिचालन गरिएको डिआइजी केसीले जानकारी दिए । उनले भने,'प्रभावितहरूलाई खानाको व्यवस्थापन र स्वास्थ्यको समस्या समाधान गर्नेबारे छलफल भइरहेको छ । उद्धारमा कुनै कसर बाकी नराख्ने गरि निर्देशन दिएका छौं ।'

अविरल वर्षाले महाकाली नदीमा पानीको बहाव बढेपछि शारदा ब्यारेजका सबै ढोका खोलिएका थिए । महाकालीमा पानीको बहाव बढेपछि नेपालतर्फका सबै ढोका खोलिँदा तटीय क्षेत्र भीमदत्त नगरपालिका-११, १२ र १३ का बस्ती प्रभावित भए । यस्तै, महाकालीको पानीले दोधारा चाँदनी नगरपालिकाका बस्ती पनि निकै प्रभावित भए । ती बस्तीहरूमा पानी पसेपछि नेपाल प्रहरी र सशस्त्र प्रहरीले उद्धार गर्नु परेको थियो । महाकाली नदीमा पानीको सतह बढेपछि शारदा ब्यारेजमा तीन दिनदेखि सवारीसाधनको आवागमनमा रोक लगाइएको छ । पानीले खतराको सतह नाघेपछि शनिबार साँझदेखि शारदा ब्यारेजमा रोक लगाइएको सवारीसाधन आवागमन अझै सञ्चालन भएको छैन । शारदा ब्यारेजमा महाकाली नदीमा पानीको सतह एक लाख क्युसेक नाघेपछि सवारीसाधनमा रोक लगाइन्छ ।

पाँचको मृत्यु, दुई बेपत्ता

शनिबारदेखि परेको झरीका कारण कञ्चनपुर र डडेल्धुरामा गरि पाँच जनाको मृत्यु भएको छ । सोमबार पुनर्वास नगरपालिका-५ ९ग० गाउँ रातोखालेको पानीका डुबेर सोही ठाउँका १५ वर्षीया लक्ष्मी बोगटी, १५ वर्षीया सृजना बोगटी र १६ वर्षीया आरती बोगटीको मृत्यु भएको हो । डुबान भएको खल्ला क्षेत्रमा पौडी खेल्ने क्रममा उनीहरु तीनै जना बेपत्ता भएका थिए । लक्ष्मी र सृजनाको शव फेला परेको केही घण्टा पछि आरतीको शव फेला परेको जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका डिएसपी उमेश जोशीले जानकारी दिए ।

१२ वर्षकी अञ्जली बोगटी पनि सँगै पौडी खेल्न गएको थिइन्, तर उनी पौडी नखेलेर फिर्ता आएको र उनले तीन जनालाई खोलाले बगाएको बताएपछि प्रहरीले उनीहरुको खोजी सुरु गरेको थियो । त्यसको केही घण्टा पछि उनीहरु सबैको शव फेला परेको हो । त्यस्तै कञ्चनपुरको कृष्णपुर नगरपालिका-१ की सङ्गीता धामीका सात महिने बालकको डुबेर मृत्यु भएको छ । आइतबार राति सुतिरहेकै अवस्थामा ओछ्यानबाट तल पानीमा खसेर सात महिने बालकको ज्यान गएको हो । उता डडेल्धुराको पहिरामा परी परशुराम नगरपालिका-३ बुडाका ५६ वर्षीय शिक्षक नवराज पनेरुको मृत्यु भएको थियो । शनिबार बेलुका पहिरोबाट खसेको ढुंगा लाग्दा पनेरुको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय डडेल्धुराका प्रमुख प्रहरी नायब उपरीक्षक दीपक कार्कीले जानकारी दिए ।

यता कैलाली कञ्चनपुरमा दुई जना बेपत्ता भएका छन् । कञ्चनपुरको बेलडाँडी गाउँपालिका-३ का २३ वर्षीय डम्बर चौधरी नदीले बगाउँदा बेपत्ता भएका छन् । चौधरी नदी तर्ने क्रममा बगेर बेपत्ता भएका हुन् । उनी आइतबार ६ जनाको समूहमा सीमावर्ती भारतीय गाउँ टाटरगन्ज माछा मार्न गएका थिए । फर्किने क्रममा बेलडाडी-५, झिलमिलमा रहेको चौधर नदीमा बगेर उनी बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले जनाएको छ । उनको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

यता, कैलालीमा पनि एक जना बेपत्ता भएका छन् । कैलारी गाउँपालिका-९, गदरियाका १७ वर्षीय अजय राना आइतबार डुबेर बेपत्ता भएका हुन् । राना सोही ठाउँको भुररा नदीमा नुहाउने क्रममा डुबेर बेपत्ता भएको इलाका प्रहरी कार्यालय हसुलियाले जनाएको छ । उनको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

# बाघको आक्रमणबाट तीन जना घाइते



**सपना बोहरा/मध्यान्ह**
दाङ, २४ असार

दाङमा च्याउ टिप्न वनमा जाँदा बाघको आक्रमणबाट तीन जना घाइते भएका छन् । सोमबार बिहान साढे ६ बजेतिर तुलसीपुर उपमहानगरपालिका वडा नं. ९ स्थित नवदुर्गा सामुदायिक वनमा च्याउ टिप्न गएका तीन जनालाई बाघले आक्रमण गरेको जिल्ला प्रहरी कार्यालय दाङले जनाएको छ ।

बाघको आक्रमणबाट तुलसीपुर ९ बेलुवा निवासी ४५ वर्षीया कमला केसी, ५३ वर्षीया सीता कुमारी भण्डारी, १८ वर्षीया सरिता भण्डारी घाइते भएको जिल्ला प्रहरी प्रमुख एसपी रामबहादुर केसीले जानकारी दिए ।

उनका अनुसार सीताको ढाड र पेटमा बाघले आक्रमण गरेको छ भने सरिताको दाँया हातमा सामान्य चोट लागेको छ । केसीको दुवै हातमा सामान्य चोट लागेको छ । घाइतेहरुको राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा उपचार भइहरेको प्रहरीले जनाएको छ ।

# उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्ति वितरण



**महमद सदाब/मध्यान्ह**
वीरगञ्ज, २४ असार

वीरगञ्जको श्री ताराचन्द किशनलाल आधार भूत विद्यालयले उत्कृष्ट विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरेको छ । विद्यालयले एक कार्यक्रम आयोजना गरेर उत्कृष्ट विद्यार्थीहरूलाई मेडल तथा छात्रवृत्ति वितरण गरेको हो ।

कार्यक्रमका प्रमुख अतिथि वीरगञ्ज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले विद्यार्थीहरूलाई मेडल तथा छात्रवृत्ति वितरण गरे । उपप्रमुख आलमले आफू पनि यसै विद्यालयबाट शिक्षा हासिल गरेको बताउँदै विद्यालयको विकासका लागि आवश्यक पर्ने हरेक किसिमको सहयोग गर्न आफू प्रतिबद्ध रहेको बताए । साथै उनले बालबालिकाहरूको उज्जवल भविष्यको कामनासमेत गरे ।

उपप्रमुख आलमले विद्यालयमा अध्यनरत सम्पूर्ण दलित छात्र छात्राहरूलाई छात्रवृत्ति दिने घोषणा गरे । उनले विद्यालयमा जनशक्ति अभाव हुन नदिन थप शिक्षकको दरबन्दीसहित आवस्यकताअनुसार विद्यालयलाई समानहरू उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे ।

उनले विद्यालयलाई खेलकुदका समग्रीदेखि क्षमता विकासका लागि चाहिने हरेक समान उपलब्ध गराउने बताए । कार्यक्रममा वडा नं. २ का वडा अध्यक्ष महमदर रेयाज मिया, वडा नं. २ का वडा सदस्य अब्दुल लतिफ अन्सारी, बसिर मिया हजाम, विद्यालयका प्रधानाध्यापक, शिक्षक शिक्षिका, स्थानीयलगायतको सहभागिता रहेको थियो ।

# दोलखामा सवारी दुर्घटनाः ११ महिनामा ११ जनाको मृत्यु

**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, २४ असार



दोलखामा ११ महिनाको अवधिमा सडक दुर्घटनामा परी ११ जनाको मृत्यु भएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार गत साउनदेखि - जेठ मसान्तसम्म जिल्लामा २७ वटा सवारीसाधन दुर्घटना भएको छ । जसमा ७ जना पुरुष र ४ जना महिलाको मृत्यु भएको छ । ट्राफिक प्रहरी कार्यालय दोलखाका प्रमुख, प्रहरी सहायक निरीक्षक (असइ) ठाकुर प्रसाद भट्टराईले जिल्लामा साना तथा ठूला गरी २७ वटा सवारीसाधन दुर्घटनामा परेको जानकारी दिए । उक्त दुर्घटनामा ३८ जना गम्भीर घाइते र ५१ जना सामान्य घाइते छन् । यस्तै चालु आर्थिक वर्षको जेठ मसान्तसम्म दोलखामा ५८ लाख भन्दा बढी राजस्व संकलन भएको छ । ७ हजार २ सय सवारीसाधनबाट उक्त राजस्व संकलन भएको हो ।

यता मादक पदार्थ सेवन गरेर सवारी साधन चलाएको, लाइसेन्स तथा ब्लू बुक नभएका, क्षमता भन्दा बढी सामग्री तथा यात्रु बोक्ने लगायतका सवारी साधनलाई कारवाही गरेको प्रमुख भट्टराईले बताए । गत वर्षहरुमा भन्दा अब आउने दिनहरुमा ट्राफिक नियम पालना गर्नेको संख्या बढ्दै गएकाले दुर्घटना र राजस्व संकलनमा कमि आउने ट्राफिक प्रहरी कार्यालय दोलखाको जनाएको छ ।

त्यस्तै यो असार महिनाको २३ गते सम्मको ट्राफिक प्रहरी कार्यालय दोलखाको तथ्यांक हेर्दा ५ सय ५० वटा सवारीसाधन कारबाहीमा परेका छन् भने यसबाट ४ लाख ३५ हजार राजस्व संकलन भएको पाइएको छ । ट्राफिक प्रहरीले सडक दुर्घटना न्यूनीकरण गर्नका लागि सचेतना कार्यक्रम पनि सञ्चालन गरिरहेको छ ।



मध्यान्ह
www.madhyanhadaily.com
२५ असार २०८१, मंगलबार
9 July 2024, Tuesday

सम्पादकीय

## जनतालाई आशा जगाउने बाटो

देशभर बाढी, पहिरो र डुवानबाट नागरिक पीडित भइरहँदा शीर्ष नेतृत्वको ध्यान भने फेरि पनि सत्ता परिवर्तनमा केन्द्रीत छ । संघीय सरकार परिवर्तन गर्ने नेपाली कांग्रेस र नेकपा एमालेको निर्णयले सिंगो राजनीतिक वृत्त तरंगित छ । नेपाली कांग्रेसको समर्थनमा केपी शर्मा ओली प्रधानमन्त्री हुने सहमतिको असर सातै प्रदेशमा देखिएको छ । गण्डकी, कोशी र कर्णाली बाहेक अरू सरकारको नेतृत्व परिवर्तन हुँदैछ । मुख्यमन्त्री नफेरिने प्रदेशमा पनि सत्ता सहयात्री र मन्त्रीहरू फेरिनेछ । प्रधानमन्त्री फेरिएपछि संभवतः प्रदेश प्रमुखदेखि राजदूतसम्म फेरिनेछन् । तर अहिलेसम्म नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नै प्रधानमन्त्री छन् । त्यसैले प्रचण्डलाई हटाउने हतारोमा कांग्रेस–एमालेका नेताहरू देखिन्छन् । प्रचण्डले विश्वासको मत लिने निर्णय लिएका छन् ।

प्रचण्डले संसद्को सामना गर्ने निर्णय लिएकाले संघसहित प्रदेशहरूको सरकार फेरिन केही समय लाग्न सक्छ । तर फेरिने निश्चित छ । यसले नागरिकको एजेण्डा ओझेलमा पर्ने पक्का छ । मध्यवर्षाको समयमा सत्ता फेरिने र नागरिकको जीवनरक्षा प्राथमिकतामा नपर्नुको कारण जनादेश बमोजिम सरकार नबन्नु हो । यदि जनादेशको सम्मान हुने थियो भने यतिबेला कांग्रेसका सभापति शेरबहादुर देउवा मुलुकको प्रधानमन्त्री हुने थिए । संसद्का साना दलहरूको समर्थन लिएर सबैभन्दा ठूलो दलका सभापतिको हैसियतमा देउवाले मुलुक चलाइरहेका हुने थिए । यदि देउवाले बहुमत जुटाउन नसके दोस्रो ठूलो दलको हैसियतमा ओलीले सरकार चलाइरहेका हुने थिए ।

तर जनादेशको सम्मान नगरेर संसदीय चलखेल बमोजिम सरकार बन्न थाल्यो । निकै सानो आकारको माओवादीका अध्यक्ष प्रचण्ड मुलुकको प्रधानमन्त्री बने । सानो दलले प्रधानमन्त्री बनाउँदा सरकार चलाउन सजिलो भएन । लगातार सत्ता सहयात्री फेरिरहने, मन्त्रिपरिषद् पुनर्गठन भइरहने र मुख्यमन्त्रीहरू फेरिने भइरह्यो । प्रचण्डले चौथोपटक विश्वासको मत लिइसके । १८औंपटक मन्त्रिपरिषद् पुनर्गठन गरेका थिए । जनादेश नपाएर पनि देशको नेतृत्व गर्ने प्रचण्डको चाहनाले अरू नियुक्ति र निर्णयहरू पनि प्राकृतिक हुन सकेन । कतिसम्म भने ५३ सदस्यीय प्रदेशसभा रहेको सुदूरपश्चिममा चार सिट रहेको एकीकृत समाजवादीले मुख्यमन्त्री लिएका थिए । एकल बहुमत भन्दा केही सिट मात्रै सानो कांग्रेस प्रतिपक्षमा थियो । यस्ता थुप्रै निर्णय भएका छन्, जुन प्राकृतिक देखिदैन । त्यसैले अब हुने निर्णयलाई जनादेश बमोजिम प्राकृतिक देखिनेगरी गरिनु राम्रो हुन्छ । जनादेश पाएर आएकाहरू मध्ये योग्य व्यक्तिलाई मन्त्री बनाउने र काम गर्न दिने बातावरण सिर्जना गरिनुपर्छ । जसले मुलुक, व्यवस्था र संविधानलाई बलियो बनाउनेछ, अनि जनतामा नयाँ आशा जाग्नेछ ।

# भोको छ हाम्रो लोकतन्त्र

*१६ महिनामा चार पल्ट विश्वासको मत लिने/दिने लोकतन्त्रले अहिले अर्को विश्वासको मत माग्दैछ । जब सुशासनको शब्द सुनिन्छ सडकमा लोकतन्त्र ढल्न खोज्छ, मध्यरातमै ढल्न खोजेको लोकतन्त्रलाई पुनर्जीवन दिनु परेको छ ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

हाम्रो लोकतन्त्र धेरै भोको छ, भोक लाग्न साथ हल्लाखल्ला गरिहाल्छ । अब पर्सि २८ गते संसद्मा उसले आफ्नो नयाँ चरित्र पनि देखाउँदैछ । १६ महिनामा चार पल्ट विश्वासको मत लिने/दिने लोकतन्त्रले अहिले अर्को विश्वासको मत माग्दैछ । जब सुशासनको शब्द सुनिन्छ सडकमा लोकतन्त्र ढल्न खोज्छ, मध्यरातमै ढल्न खोजेको लोकतन्त्रलाई पुनर्जीवन दिनु परेको छ । अत्यायो मनसुनले दुई दिनमा झन्डै सय जना निल्ने मनसुन कोहीदेखि डराउँदैन । काठमाडौँमा पनि जताततै पस्यो । बालेनको डोजरको आँखा छैन, उसले कुन पद अनि कुन ओहदा देख्दैन तर, संसद्मा चाहिँ बेचनले बेचैन गरिदिन सक्ने लोकतन्त्र छ हामीकहाँ ।

हाम्रो लोकतन्त्रले अतीतदेखि सहिष्णु रूपमा बसेको समाजलाई पचाउन सकेन । 'भाइ फुटे गवाँर लुटे' भन्ने उखान त्यतिकै बनेको होइन । हाम्रो धर्म, संस्कृतिलाई बुझ्न नसक्दा सबैतिर फाटो छ अहिले । देशमा कुन धर्म राख्ने भन्ने विषयमा जनमत सङ्ग्रह गरिएन । धर्मभिरु देशमा, विश्वकै एक मात्र हिन्दु धर्म भएको देशमा विदेशीको इसारामा धर्म निरपेक्षता लादियो । अमेरिकी राष्ट्रपतिले शपथ लिँदा बाइबल छुन्छन्, यहाँ शपथ लिँदा वेद र गीता लिनुपर्ने तर, त्यो पर्दैन भन्छन् । संविधान लेख्नुअघि लोकमत बुझ्ने भनियो, मत बुझ्न हिँडेको पनि हो तर, जम्मा भएका विचारका पोका भने खोलिएनन् ।

धार्मिक राजधानी खास गरी हिन्दु धर्मको विश्वको राजधानी हुन सक्ने देश नेपालमा झन्डै डेढ अर्ब हिन्दुहरूको आस्थाको केन्द्र पशुपतिनाथको मन्दिर रहेको छ । बुद्ध जन्मस्थल लुम्बिनी यहीँ छ, जीवनमा एक पटक यहाँ पर्यटकहरू आउँदा पनि हाम्रो बाह्य पर्यटकको संख्या वृद्धि हुने र विदेशी रकम आय आर्जन गर्न सकिन्छ । भारतमा रहेका अनेकौं तीर्थ, धामहरूको भ्रमण गर्दा शिर छोडी पीठमा आएको भन्दै उनीहरू गिज्याउने गरेको देखिन्छ । संघीयतामा प्रवेश गरेसँगै स्थानीय तहमा सार्वजनिक निकायहरूले विषयगत बिदा दिने होडबाजी छ । चार नारायण रहेका क्षेत्रहरू बुढानीलकण्ठ, शेष नारायण, इचँगु, चाँगु नारायण आदि क्षेत्रमा हरिबोधिनी एकादशी भन्दै बिदाको घोषण गरे । सरकारी एउटा निकाय बन्द हुने अन्य निकाय खुल्ने संस्कृतिले जनता नै अन्यौलता हुन्छन्, एकताको सन्देश पनि जाँदैन । अपाच्य यस्ता धेरै कुरा हाम्रो लोकतन्त्रले सहन सक्दैन ।

सत्ता परिवर्तन हाम्रो लोकतन्त्रको भारी विशेषता हो, असारमा विकास खर्च र माटो छोप्ने लोकतन्त्रले धेरै ठूलो बेरुजु देखाएको छ । भ्रष्टाचारमा लिप्त लोकतन्त्रका अनुयायीहरू निलम्बनमा छन् । मेयर उपमेयर जोडी नै भ्रष्टाचारमा पर्नु मात्रै होइन मुख्य सचिवदेखि गृह सचिव, गृहमन्त्रीलगायतका पनि मुद्दा खेप्ने देश हो यो ।

मिलेर बसेको समाजमा हामी स्वयम्भू पुग्छौं, बौद्धनाथ पुग्नेहरू पशुपति पुग्छन् । आन्तरिक पर्यटन, धार्मिक पर्यटनका लागि पूर्वको पशुपति हलेसी चर्चित छ । पूर्वकै पाथीभरा पुग्न मानिस लालायित छन्, इलामको माइपोखरी, झापाको किच्चक बध्, सतासी धाम, धरानको दन्तकाली, बूढासुब्बा, महोत्तरीको जलेश्वर, धनुषाको जनकपुर, दोलखाको भीमसेनस्थान, कालिन्चोक पुग्न कसलाई मन नलाग्ला । दूर्गम क्षेत्रमा केबलकार, सुगममा राम्रो सडक, यातायात, सुरक्षित यात्रा गराउन सके हामी देशाटन गर्न सक्छौं । विदेशीहरू चट्टान, हिमाल,




*राजनीतिकर्मीहरूले धर्म, भाषा, जाति, लिङ्गको एजेन्डा उठाएर सत्ताको भर्‍याङ्ग चढ्ने गरे । जसको कारण राष्ट्रिय समन्वयको अभाव भयो । जसले देश बनायो, उसको नाम बिर्से, सालिक तोडे, तेरो मेरोको नयाँ संस्कृति हुर्काएर मल्लकालको जस्तो विषम परिवेश निर्माण गरे ।*

गुफा, कन्दरा हेर्न यहाँ आउँछन्, हामी युरोपको सपना देख्छौं, हाम्रा सन्ततिलाई भाँडा माझ्न खाडी पठाउँछौं । आय आर्जनका प्रशस्त सम्भावना हुँदा हुँदै विप्रेषणका लागि विदेश पठाउने, पासपोर्ट बनाइदिएर राजस्व बढाउन खटेर लागेको छ हाम्रो लोकतन्त्र ।

राजनीतिकर्मीहरूले धर्म, भाषा, जाति, लिङ्गको एजेन्डा उठाएर सत्ताको भर्‍याङ्ग चढ्ने गरे । जसको कारण राष्ट्रिय समन्वयको अभाव भयो । जसले देश बनायो, उसको नाम बिर्से, सालिक तोडे, तेरो मेरोको नयाँ संस्कृति हुर्काएर मल्लकालको जस्तो विषम परिवेश निर्माण गरे । हाम्रो लोकतन्त्रले कसैलाई मासु-भात कसैलाई पुर्पुरोमा हात गराएको छ । एजेन्डामा समाजवादको कुरा गरियो व्यवहारमा बिचौलियावाद भयो । दुर्गममा हवाई टिकट नपाएर सुत्केरी महिला छटपटिएर मर्ने गरेको तर, सुकिला मुकिलाहरू विदेश उपचार गर्ने त्यो पनि सरकारी पैसामा, आफू, आफन्त, साला, साली सबैलाई विदेश उपचार गराउने, स्वदेशमा गराए पनि दल विशेषमा रहेका निजी र महँगा अस्पतालमा गराउने परम्परा बसालियो । असली नेपाली या त दुर्गम रुझ्छ, भिज्छ, खोले फाँडो खान्छ या खाडीमा गएर भाँडा माझ्छ, तर, आलिसान महलमा राज गर्नेहरू निर्वाचनमा मात्र उनीहरूलाई सम्झन्छन् ।

धार्मिक पर्यटनका क्षेत्र लाखौँ छन् हामीकहाँ । गोरखाको मनकामनाले जे वरदान माग्यो त्यही दिने विश्वास छ, व्यास गुफा छ दमौलीमा, पोखराका ताल वाराही, विन्ध्यवासिनी, म्याग्दीको गलेश्वर, मुस्ताङको मुक्तिनाथ, सुर्खेतकी देउती बज्यै, बाजुराको बढिमालिका, खप्तड क्षेत्र, डडेलधुराको उग्र तारा, डोटीको शैलेश्वरी, बाँकेको बागेश्वरी, कञ्चनपुरको ब्रह्मदेव गनेर भ्याइँदैन यहाँ, भनौं पुर्खाको उखान देश मन्दिरै मन्दिरको घर हो भनिन्छ । सलल बग्ने काल गण्डकी, कोसी, कर्णाली राजधानीका नदीनालाहरूले उपचार खोजेका छन् । तर हाम्रो देशलाई राजनैतिक रोग लागेको छ, लोकतन्त्रका संवाहकहरूले समयमै रोग निदान गरेनन् भने देशको अस्तित्व मेटिने छ, भविष्यका सन्ततिले श्राप गर्नेछन् । राजनैतिक, प्रशासनिक अङ्गहरूमा धमिरा लागेझैं सामाजिक संस्कृति, संस्कार, धर्ममा बेमेल ल्याउँदै जाने हो भने देश थप संकटमा पर्नेछ, अहिले नै कति ठाउँमा निषेधाज्ञा लगाउनु परेको छ । धर्मलाई छोड्दा व्यक्ति, समाज र पूरै राष्ट्र भ्रष्ट हुन्छ । अतः लहडबाजीमा विकृति निम्त्याउने लोकतन्त्रका संवाहक भनिएकाहरूले अतीतको गल्ती स्वीकार गरी पुनः राष्ट्रिय एकताको लागि पहल गर्नुपर्ने हो । तर, केवल सत्ताको लडाइँमा व्यस्त राजनीतिकर्मीहरूले देशलाई बिर्सेका छन्, आफ्नो दुनो सोझ्याउन मात्र लागेका छन्, नत्र उही आलोपालो नेतृत्व आफैँ गरेकै हो, दुनियाँ हँसाउन किन अहिले यत्रो लफडा गर्नुपर्थ्यो र आखिर काले काले मिलेर खाऊँ भाले नै हो । लोकतन्त्रको बेइज्जत भइसकेको छ ।

हाम्रो लोकतन्त्रले 'प्रजा सुखे सुखं राजा' भन्ने मान्यतालाई आत्मसात् गर्न सकेन । यहाँ राजाको अर्थ हुन्छ राज्य र प्रजाको अर्थ हुन्छ, समस्त प्राणी, न मात्रै मानिस । जलवायुको परिवर्तनबारे संसारमा व्यापक बहस हुन्छ, प्राणी र प्रकृतिको माया नगरिएकाले जलवायुको समस्या निम्तिएको हो । दिनानुदिन मौसम बिग्रँदै छ, विकासको अवधारणा नै गलत भएको, प्रकृति दोहन बढेकाले यसो भएको हो । हाम्रो लोकतन्त्र लोभतन्त्रमा परिणत भएको छ, लोभै लोभले एकले अर्कालाई सिध्याउन तिर लागिएको अवस्था छ र त 'लोका समस्ता सुखिनो भवन्तू' भन्ने वैदिक अवधारणालाई बिर्सेको छ । वैदिक र देव भूमि नेपालमा वैदिक विषय बिर्सनु भनेको आत्मघाती कदम हो ।

